(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ | संख्याः ०१ | मितिः २०७८/०१/२६

**भाग-२**

**विराटनगर महानगरपालिका**

नगर कार्यपालिकाको स्वीकृतिबाट जारी

## "महानगर आवास कार्यक्रम नमुना वस्ति विकास निर्माण निर्देशिका-२०७८"

# महानगर आवास कार्यक्रम नमुना वस्ति विकास निर्माण निर्देशिका-२०७८

**प्रस्तावनाः**

विराटनगर महानगरपालिका क्षेत्रभित्रका सिंगिया तथा केशलिया खोला किनारामा वसोवास गर्ने, सडक किनारा तथा ऐलानी जमिनमा वसोवासगर्ने (नेपाली नागरिक) अति विपन्न सुकुम्वासि वर्ग समुदाय तथा परिवारलाई लक्षित गरि विराटनगर महानगरपालिकाले खण्ड-२, संख्या-१४, मिति २०७५/१२/१७ मा ***"महानगर आवास कार्यविधि-२०७५"***, स्थानीय राजपत्रमा प्रकाशन गरि कार्यान्वयनमा आएको छ ।

महानगर आवास परियोजना अन्तर्गत विराटनगर महानगरपालिका वडा नं. १२ मा कार्यविधि अनुसार पहिचान भएका अति विपन्न सुकुम्वासिहरुलाई वित्तिय सस्थामार्फत जमिन खरिद गरि सो जमिनमा भवन सहित नमुना वस्ति विकास गर्न तयार भएको गुरु योजना (माष्टर प्लान) का आधारमा विराटनगर महानगरपालिका, सहयोगी सस्थाहरुको साझेदारीमा नमुना वस्ति विकास तथा निर्माण गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि ***"महानगर आवास कार्यक्रम नमुना वस्ति विकास निर्माण निर्देशिका-२०७८"*** बनाई जारि गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

क) यस कार्यविधिको नामः ***" महानगर आवास कार्यक्रम नमुना वस्ति विकास निर्माण निर्देशिका-२०७८"*** रहेको छ ।

ख) यस निर्देशिकाको विस्तार वडा नं. १२ भर हुनेछ ।

ग) यो निर्देशिका विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको बैठकबाट पारितभएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा, विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क) **"वडा नं. १२, नमुना वस्ति विकास निर्माण निर्देशिका-२०७८"** भन्नालेः विराटनगर महानगरपालिकाले जारि गरेको ***"महानगर आवास कार्यविधि-२०७५"*** अन्तर्गत पहिचान भएको अति विपन्न सुकुम्वासी परिवारलाई भवन सहित नमुना वस्ति विकास गर्ने कार्यलाई सम्झनु पर्नेछ ।

ख) **महानगर आवास कार्यविधि-२०७५ भन्नालेः** विराटनगर महानगरपालिकाले खण्ड-२, संख्या-१४, मिति २०७५/१२/१७ मा ***"महानगर आवास कार्यविधि-२०७५"***, स्थानीय राजपत्रमा प्रकाशन गरि कार्यान्वयनमा आएको कार्यविधिलाई सम्झनु पर्दछ ।

ग) **सहयोगी सस्था भन्नालेः** यस परियोजनामा सहयोग गर्ने र महानगरपालिकासंग भएको सम्झौतामा हस्ताक्षर गर्ने सवै संस्थालाई सम्झनु पर्दछ ।

घ) **खाता संचालन भन्नालेः** स्वःफुर्त यस परियोजनामा सहयोग गर्ने व्यक्तिहरुको प्रतिनिधित्वमा महानगरपालिकाले सिफारिस गरेको सहयोगि व्यक्तिहरुको नाममा खोलिने खातालाई सम्झनु पर्दछ ।

**३. उदेश्यः**

क) नमुना वस्ति निर्माणमा सहजिकरण गर्न,

ख) सहयोगी सस्था तथा सहयोगि हातहरुलाई परियोजनामा अपनत्व गराउन,

ग) सवै विषयगत कार्यालय तथा गैर सरकारी संस्थाहरुलाई परियोजनामा समन्वय गराउनु,

घ) स्वयं सेवकहरुलाई परियोजनामा परिचालन हुन उत्प्रेरणा गराउनु,

ङ) सहज रुपमा व्यवस्थित नमुना वस्ति निर्माण गर्नु,

## परिच्छेद-२
## कार्यविधि/कार्यप्रणाली

महानगर आवास परियोजना अन्तर्गत निर्माण गरिने नमुना आवास योजनाको सवै संरचनाहरुको गुरु योजना तयार गरि गुरु योजनाको आधारमा विस्तृत लागत परियोजना प्रतिवेदन (Detail Cost Project Report) तयार गरी सो परियोजनालाई प्रमुखज्युबाट स्वीकृत गरी निर्माण कार्य संचालन गर्नुपर्ने छ ।

यस परियोजना अन्तर्गत भवन, सडक, नाला, खानेपानी, विजुली, स्वास्थ्य केन्द्र, सामुदायिक भवन, पार्क, बालबालिका मनोरंजन सामाग्री, हरियाली आदी संरचना निर्माण हुने भएकाले उक्त संरचना निर्माण गर्न हस्ताक्षर भएका साझेदार सस्थाहरु,  सरकारी तथा गैर सरकारी संस्था तथा सहयोगी व्यक्तिहरुले समेत बास्केट फण्ड वा दोहोरोपन नहुनेगरी आफै लगानी वा निर्माण गर्न सक्नेछन । लगानी तथा निर्माण हुने संरचनाको अभिलेख महानगरपालिकाले राख्नेछ ।

## परिच्छेद-३
## आर्थिक श्रोत सम्वन्धमा

परियोजना अन्तर्गत भवन, सडक, नाला, खानेपानी, विजुली, स्वास्थ्य केन्द्र, सामुदायिक भवन, पार्क, बालबालिका मनोरंजन सामाग्री, हरियाली आदी निर्माण हुने संरचना निर्माण गर्न हस्ताक्षर भएका साझेदार सस्थाहरुले कवोल गरेको रकम महानगरपालिकाको खातामा जम्मा गर्न सक्नेछन वा सस्था आफैले महानगरपालिकाले पारित गरेको विस्तृत लागत परियोजना प्रतिवेदन (Detail Cost Project Report) का कार्यमा दोहोरो पन नहुनेगरी समेत निर्माण कार्य गर्न सक्नेछन । तर सो निर्माण कार्यको मुल्यांकन महानगरपालिकाको प्राविधिकले गर्नेछ । त्यसैगरी विजुलीको विस्तारमा नेपाल विधुत प्राधिकरण, खानेपानी विस्तारमा नेपाल खानेपानी संस्था, स्वास्थ्य केन्द्र निर्माणमा जन स्वास्थ्य कार्यालय, सडक निर्माणमा सडक डिभिजन कार्यालय लागतयका विषयगत कार्यालय तथा सस्थाहरुसंग समन्वय र सहकार्य गरि परियोजना निर्माण गरिनेछ भने खर्चको अभिलेख स्वयं कार्यालय तथा सस्थाको जिम्मेवारी रहनेछ,

तर यस परियोजनामा सहयोग गर्न चाहने सहयोगी व्यक्तिहरुले महानगरपालिकाको खातामा रकम जम्मा गर्न सक्नेछन वा आफ्नै खाता खोली महानगरपालिकाको समन्वयमा खर्च गर्नेगरी यस परियोजनाका लागि छुट्टै खाता खोल्न सिफारिस मांग भएमा महानगरपालिकाले सहयोगी व्यक्तिहरुको सिफारिसका आधारमा खाता खोल्न सहयोग गर्नेछ र उक्त खाताबाट भएको खर्चको अभिलेख विराटनगर महानगरपालिकाले गर्नेछ । नमुना वस्ति विकास निर्माण प्रयोजनका लागि खोलेको खातामा जम्मा भएको रकम अन्य प्रयोजनामा खर्च गर्न पाईने छैन यदी सो रकम अन्य प्रयोजनामा खर्च भएको पाईएमा नमुना वस्ति विकास कार्यक्रमको निर्माण कार्य संगै सो खाता महानगरपालिकाले बन्द गराउनेछ ।

## परिच्छेद-४
## भवन तथा भौतिक संरचना निर्माण कार्य

यस निर्देशिकाको उदेश्य अनुरुप भवन तथा भौतिक संरचनाहरु निर्माण एवं कार्यान्वयनका लागि साझेदार सस्थाहरुले आ-आफ्नो खरिद ऐन तथा नियमावलीको प्रावधान अनुसार खरिद तथा निर्माण प्रकृया अगाडी वढाउनेछन् । तर भवन निर्माणमा लक्षित समुदायको जनश्रमदानको अंशलाई अनिवार्य गरिएको हुंदा महानगरपालिकाले स्वीकृत बजेट कार्यक्रम अनुसार उपभोक्ता समिति मार्फत भवन निर्माण गराउनेछ । अति विपन्न, सुकुम्वासी समुदायहरुका लागी कार्यक्रम भएकोले जनश्रमदान लागतको १० प्रतिशत हुनेछ । प्राविधिक मुल्यांकनको आधारमा जनश्रमदानको अंश कट्टागरी नगरपालिकाल भूक्तानी गर्नेछ ।

उक्त परियोजना अनुसार निर्माण हुने संरचनाको रेखदेख, अनुगमन, मुल्यांकन आदी कार्य कार्यविधि-२०७५ मा उल्लेख गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५

## बाधा अडकाउ फुकाउ सम्वन्धि

यस परियोजना कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अडकाउ, उजुरी, विवाद वा जटिलता आएमा महानगरपालिका आफैले वा महानगरपालिकाले अख्तियार प्रत्यायोजन गरेको पदाधिकारी वा समितिले निर्णय गरे बमोजिम हुनेछ । सो निर्णय सवै सरोकारबालाको लागि मान्य हुनेछ ।

आज्ञाले,
(दुर्गा प्रसाद खतिवडा)
नि.प्रमुख प्रशासकीय अधिकृत